अजिरकोट गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः १० ,     संख्याः ०५ , गोरखा, असार २४ गते २०८३ साल

## भाग- १

## अजिरकोट गाउँपालिका

नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम अजिरकोट गाउँपालिकाले **विनियोजन ऐन-२०८३** वनाई सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरेको छ ।

**विनियोजन ऐन-२०८३**

# अजिरकोट गाउँपालिका

## विनियोजन ऐन-२०८३

## अजिरकोट गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

## भच्चेक, गोरखा

## गण्डकी प्रदेश, नेपाल

## २०८३

| गाउँ सभाबाट पारित मितिः २०८३/०३/१० |
| --- |

# विनियोजन ऐन-२०८३

**प्रस्तावना :** अजिरकोट गाउँपालिका, गोरखा २०८३/८४ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वान्छनीय भएकोले, नेपालको संविधानको धारा २२९ को उपधारा (२) बमोजिम अजिरकोट गाउँपालिका, गोरखाको गाउँ सभाले यो ऐन बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ :** (१) यस ऐनको नाम अजिरकोट गाउँपालिका, गोरखाको विनियोजन बिधेयक रहेको छ।

२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

**२. आर्थिक वर्ष २०८३/८४ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार** : (१) आर्थिक वर्ष २०८३/०८४ को निमित्त गाउँ कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरूका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र वित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु.४७ करोष २८ हजार मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

३. **विनियोजन**

(१) यस ऐनद्वारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०८३/८४ को निमित्त अजिरकोट गाउँपालिका, गोरखाको गाउँ कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँ कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको २५ प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एकभन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरूमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ ।

पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षक तर्फ सार्न र वित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ विनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैण ।

३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको २५ प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरूमा रकम सार्न परेमा गाउँ सभाको स्वीकृति लिनु पर्नेछ।

# अनुसुचि — १

## (दफा २ संग सम्बन्धित)

## नेपालको संबिधानको धारा २२९(२) बमोजिम

## सञ्चित कोषबाट विनियोजन हुने रकम

| क्र.सं. | अनुदान संख्या | शिर्षकको नाम | चालु खर्च | पूँजिगत खर्च | वित्तिय व्यवस्था | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| १ | | गाँउ कार्यपालिकाको कार्यालय (वडा कार्यालय र विषयगत शाखा समेत ) | ३२,२८,७१,००० | १४७१५७००० | | ४७००२ |
| २ | | ऋणको सावा व्याज भुक्तानी | | | | |
| ३ | | लगानी (शेयर/ऋण) | | | | |

अजिरकोट गाउँसभाबाट मिति २०८३ असार १० गते स्वीकृत भएको अजिरकोट गाउँपालिका विनियोजन ऐन-२०८२ स्थानीय सरकार संचालन ऐन बमोजिम प्रमाणिकरण गर्दछु।

आज्ञाले,

ज्ञानुराम पन्थी

प्रशासकीय अधिकृत